आ व २०८१।०८२
बैठकः गाउँ कार्यपालिका बैठक
अध्यक्षताः गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ

बैठक नं १३।०८१।०८२
मितिः २०८२।०२।२०
स्थानः छा. ता. गा. पा. सभाहल
समयः विहान ९:१५ बजे

छार्का ताङसोङ गाउँ कार्यपालिकाको बैठक छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थितिः**

| दस्तखत | नाम, थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | सेनाङ गुरुङ | गा. पा. अध्यक्ष | छा. ता. गा. पा. ४ | अध्यक्ष |
| | कर्मा ढुण्डुप गुरुङ | गा. पा. उपाध्यक्ष | छा. ता. गा. पा. १ | सदस्य |
| | धावा लामा गुरुङ | वडा अध्यक्ष (प्रवक्ता) | छा. ता. गा. पा. १ | सदस्य |
| | टसि छोम्वेल गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. २ | सदस्य |
| | वाङ्जु गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ३ | सदस्य |
| | खाम्सुङ रोकाया | वडा अध्यक्ष | छा. ता. गा. पा. ४ | सदस्य |
| | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ५ | सदस्य |
| | कार्मा तेन्जिन गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ६ | सदस्य |
| | नेजिङ खाँडु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. १ | सदस्य |
| | छोइटोल गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | कान्छी बुढा | महिला वडा सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | धावा साङ्मु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ५ | सदस्य |
| | युरुङ घर्ति | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | [illegible]स्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | छा. ता. गा. पा. | सचिव |

निर्णय प्रमाणित

निर्णय नं.(१) मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ मा कार्यान्वयन हुने आयोजनाहरु २०८१।१२।२९ को कार्यपालिका बैठकबाट प्रस्ताव गरि पठाईएकोमा देहायका वडाहरुको आयोजनाहरु परिमार्जन गरि पठाउने सूचना मिति २०८२।०२।१४ मा जारी भएकोले देहाय बमोजिम परिमार्जन गरि पठाउने एवं सो आयोजनासँग दोहोरोफ्ना नपरेको र नपर्ने, कार्यान्वयन योग्य भएको, कार्यान्वयनमा कुनै विवाद नरहेको तथा कार्यान्वयनको तयारी पुरा भएको जानकारी गराउने साथै उक्त आयोजना छनौट भई वजेट विनियोजन भएपछि पुनः संशोधन वा रकमान्तर गर्न नपर्ने र सो को लागि अनुरोध पनि नगरिने प्रतिबद्धता व्यक्त गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बजेट/कैफियत |
|---|---|---|---|
| १. | काइङ सिंचाई कुलो निर्माण आयोजना | १ | परिमार्जन गर्नु नपर्ने । |
| २. | पुङ्मा खोला तटबन्धन निर्माण आयोजना | २ | २० लाख |
| ३. | ढुकोट सिंचाई कुलो निर्माण आयोजना | ३ | २० लाख |
| ४. | पुथा हिउँचुली वेसक्याम्प जाने पदमार्ग निर्माण आयोजना | ४ | २० लाख |
| ५. | घेराङ सिंचाई कुलो निर्माण आयोजना | ५ | २० लाख |
| ६. | मुकोट खोला तटबन्धन निर्माण आयोजना | ६ | २० लाख |

निर्णय नं.(२) स्वास्थ्य सेवा कार्यालय, डोल्पाको समन्वयमा विश्व खाद्य कार्यक्रम(WFP) को आर्थिक सहयोग र मनोहरा विकास संस्था(MDI) नेपालको प्राविधिक सहयोगमा महिला तथा बालबालिकाको पोषण (MCHN) सुधार कार्यक्रम सञ्चालनको लागि मनोहरा विकास संस्था(MDI) नेपाललाई अनुमति दिने ।

निर्णय नं.(३) छार्का ताङसोङ वडा नं. ५, पिम्री घर भएका युङरुङ गुरुङ, वडा नं ५ मा निर्माणाधीन टेलिफोन टावरको सामानहरु पुर्याई फर्किने क्रममा भिरबाट लडेर खुट्टा भाँचिएको हुँदा उपचार गर्न तत्काल घेराङ देखि सुर्खेत सम्म नेपाली सेनाको हेलिकोप्टर मार्फत यस गाउँपालिकाको अनुरोधमा २०८२।०२।०१ मा उद्धार गरि लिएको हुँदा उक्त हेलिकोप्टर भाडा गाउँपालिकाले विपद्, राहत तथा उद्धार शीर्षकबाट भुक्तानी दिई सकेकोले उक्त खर्च समर्थन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत